रामप्रसादराई गाँउपालिका

# स्थानीय राजपत्र

खण्डः९ संख्या ८ मितिः २०८३/०१/०४

भाग- २

रामप्रसादराई गाँउपालिका

## विपदको कारणले जोखिममा परेका ब्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ (संशोधनसहित)

पहिलो पटक संशोधन मिति २०८०।०९।१८
दोस्रो पटक संशोधन मिति २०८३।०१।०४

## विपदको कारणले जोखिममा परेका ब्यक्तिहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८(संशोधनसहित)

पहिलो पटक संशोधन मिति २०८०।०९।१८
दोस्रो पटक संशोधन मिति २०८३।०१।०४

**प्रस्तावना**

गाउँपालिका क्षेत्रभित्र हुने प्राकृतिक तथा गैर प्राकृतिक विपद, मानव जीवनमा असर पार्ने तथा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिको सामना गरिरहेका नागरिकहरुलाई तत्काल केही राहत उपलब्ध गराउन आवश्यक देखि विपदको कारणले जोखिममा परेका ब्यक्तीहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधि रामप्रसादराई गाउँपालिकाको विनियोजन ऐन २०७८ को दफा ०२ बमोजिम आर्थिक सहायता कोषलाई व्यवस्थित, प्रभावकारी र मित्तव्ययी तवरले परिचालन तथा व्यवस्थापन गर्न यो आर्थिक सहायता कोष संचालन तथा व्यवस्थापन कार्यविधि पहिलो संसोधन २०७८ लाई गाउँ कार्यपालिकाको मिति २०७८/०९/१२ मा बसेको बैठकले स्वीकृत गरी लागु गरिएको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"विपदको कारणले जोखिममा परेका ब्यक्तीहरुलाई आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधि २०७८(संशोधनसहित)"** रहेको छ ।

(२) यो कार्यविधि तत्काल लागु गरिनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" प्राकृतिक प्रकोप तथा विपदमा परी आर्थिक सहयोग गर्ने प्रयोजनका लागी बनेको कार्यविधि २०७८ लाई सम्झनु पर्दछ ।

ख. "कोष" भन्नाले रामप्रसादराई गाउँपालिकाको आर्थिक सहायता कोषलाई बुझ्नुपर्छ ।

ग. "कार्यपालिका" भन्नाले रामप्रसादराई गाउँकार्यपालिकालाई बुझ्नुपर्छ ।

घ. "आर्थिक सहायता" भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागी, माहामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायतका कारण बाट पिडित व्यक्तिहरुको लागि तत्काल गरिने आर्थिक सहायतालाई बुझ्नुपर्छ ।

## परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्देश्य र नीति

### ३. अवधारणा

रामप्रसादराई गाउँपालिकामा हुने प्राकृतिक तथा मानव सृर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्यून आर्थिक स्थिति रहेका प्रत्याशित वा अप्रत्याशित घटनामा परि अंगभंग भएकाहरुलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन यस प्रकारको कोषको स्थापना भएको छ

### ४. लक्ष्य

प्राकृतिक तथा मानव सृर्जित विपद्को प्रकोपमा परेका व्यक्ति, परिवार तथा संघ/संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउनुनै कोषको लक्ष्य रहेको छ ।

### ५. उद्देश्य

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराउने,

(२) आकस्मिक वा अप्रत्याशित कारणबाट सृजना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्य गर्ने,

### ६. नीति

(१) विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

(२) गाउँपालिकाको कार्यक्षेत्र भित्र भैपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

## परिच्छेद ३

## कोष स्थापना

७. **कोष स्थापनाः** (१) आर्थिक सहायता कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

८. **कोषमा जम्मा हुने रकमः** (१) गाउँसभाबाट आर्थिक सहायता कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(२) दातृ निकाय, गैर सरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरुबाट कोषलाई प्राप्त हुने रकम,

## परिच्छेद ४

## कोषको रकम परिचालन सम्बन्धी व्यवस्था

९. **कोषबाट खर्च हुने क्षेत्रः** (१) कोषबाट प्राकृतिक विपद्बाट भएका धनजनको क्षतीमा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) प्राकृतिक विपद् जस्तै आगलागी, बाढी तथा पहिरोको कारण धनजनको क्षती भएमा देहाय अनुसारको सहयोग उपलब्ध गराउन सक्नेछ ।

| क्र.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षेतीको विवरण) | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | बस्ने घर र गोठ दुवै जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा | ४५००० | गोठमात्र जलेको अबस्थामा आंशिक राहत पाउने छैन |
| २ | पुर्ण रुपमा घर जलेर/बगेर/पुरिएर सम्पूर्ण सामाग्री समेत नष्ट | ३०००० | |
| ३ | पुर्ण रुपमा घर र गोठ दुवै जलेर सम्पूर्ण सामाग्री समेत नष्ट भएमा र मानिसको समेत मृत्यु भएमा | ४५००० | |
| ४ | प्राकृतिक प्रकोप तथा दुर्घटनामा परी घाइते भएका व्यक्तिको लागि अस्पताल गई उपचार गर्न सहयोग | २०००० | |
| ५ | विपदमा परी मृत्यू भएमा | ४०००० | |
| ६ | गोठ जलेर दुहुनो भैसी मरेको अवस्थामा प्रति गोटा | २०००० | |
| ७ | गोठ जलेर दुहुनो गाई, जोत्ने गोरु मरेको अवस्थामा प्रति गोटा | १०००० | सि नं. ६,७,८ २०८०/०९/१८ को कार्यपालिकाबाट थप गरिएको। सि.नं.९ थप गरिएको साथै सि.नं.१,२,३ र सि.नं.८ संशोधन गरिएको मिति २०८३।०१।०४ गतेको कार्यपालिकाको निर्णयानुसार । |
| ८ | गोठ जलेर पाडापाडी,बाछाबाछी,खसी,बोका मरेको अवस्थामा प्रति गोटा | ४००० | |
| ९ | गोठ जलेर सुँगुर मरेकोमा प्रति गोटा | ५००० | |

१०. **सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजात:** (१) गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न यसै दफाको उपदफा (२) र (३) बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

(२) प्राकृतिक विपद्बाट धनजनको क्षती सन्दर्भमा पेश गर्नुपर्ने कागजातहरु

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतीको फोटो

(ङ) विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको विपन्नता प्रमाणित सिफारिश पत्र

(च) अन्य आवश्यक प्रमाणहरु

११**आर्थिक सहयोगको निर्णय :** (१) दफा १० बमोजिम प्रकृया पुरा गरी सहयोग माग भएमा कार्यविधिले तोके अनुसार प्रमुख प्रशासकीय अधिकृतले थप वुझी शाखागत रुपमा राय समेत लिइ तोकिए बमोजिमको राहत रकम उपलब्ध गराउन सक्ने छ।

## परिच्छेद ५

## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

१२. **कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था :** (१) कोषको आर्थिक तथा प्रशासनिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ६

## विविध

१३. **आर्थिक सहायता कोषको रकममा बृद्धि गर्न सक्ने :** (१) गाउँपालिकाले गाउँसभाबाट स्वीकृत गराई आर्थिक सहायता कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

१४. **जाँच पास तथा फरफारक** (१) कोष बाट खर्च भएको रकमको जाँच पास तथा फरफारक प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **कार्यविधिको संशोधन :** (१) यस कार्यविधिलाई गाउँकार्यपालिकाले आवश्यक देखेमा संशोधन गर्नेछ ।

१६. **बचाऊ र खारेजी:** (१) यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएको व्यबस्थाको हकमा स्थानीय सरकार संचालन ऐन २०७४, स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानुन बमोजिम हुनेछ । ।

(२) कुनै कारणबाट कोष संचालन हुन नसकेमा वा कोषको औचित्य नदेखेमा गाउँकार्यपालिकाले कोषलाई खारेज गर्न सक्नेछ ।